दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक ८८ | बुटवल | २०८१ चैत १२, गते मंगलबार | नेपाल संवत ११४५ | Tuesday Mar. 25, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


# बुटवलमा फुटबल क्रेज :



जिल्ला फुटबल संघ रूपन्देहीले आयोजना गरेको नेपालकै प्रतिष्ठित तिलोत्तमा गोल्डकपको २३औं संस्करणका खेल हेर्न देवीनगरस्थित रंगशालाको प्यारापिटमा खचाखच उपस्थित खेलप्रेमी दर्शक । नेपालमा हुने चार वटा क श्रेणीका गोल्डकपमध्ये तिलोत्तमा एक हो । चैत ९ गतेदेखि सञ्चालन भएको प्रतियोगिताको फाइनल खेल चैत १६ गते हुनेछ । भारतका दुई र नेपालका दुई विभागीयसहित ८ टिमले भाग लिएको प्रतियोगिता उत्तरार्धमा आउँदै गर्दा फुटबलप्रेमी दर्शकको क्रेज बढ्दै गएको छ । *तस्विर : टिआर शर्मा*

## के सहमति भयो तीन दलबिच ?



बुटवल । शीर्ष नेताको बैठकले संक्रमणकालीन न्यायका संयन्त्रमा पदाधिकारी छनोट गर्न पुनः सिफारिस समिति गठन गर्ने निर्णय गरेको छ ।

सोमबार सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा शीर्ष नेतासहितको छलफलमा सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता छानविन आयोगको अध्यक्ष तथा सदस्य नियुक्तिबारे छलफल भएको र यसको प्रक्रिया सरकारले सुरु गर्ने निर्णय भएको प्रधानमन्त्रीका मानव अधिकार तथा संक्रमणकालीन न्याय सल्लाहकार अग्नि खरेलले जानकारी दिए ।

सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोगमा पदाधिकारी नियुक्त हुन बाँकी छ ।

यसअघि पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्र नेतृत्वको सिफारिस समितिले सर्वसम्मतिमा सम्भावित पदाधिकारीको सूची तय गर्न नसकिएको भन्दै जिम्मेवारीबाट हात झिकेको थियो ।

बैठकमा प्रधानमन्त्री एवं नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली, नेपाली कांग्रेस सभापति शेरबहादुर देउवा र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड सहभागी थिए ।

प्रमुख तीन दलका शीर्ष नेतासँगै बैठकमा कांग्रेसबाट गृहमन्त्रीसमेत रहेका नेता रमेश लेखक, एमालेबाट प्रधानमन्त्रीका सल्लाहकार अग्नि खरेल र माओवादीबाट उपमहासचिव शक्ति बस्नेत र खिमलाल देवकोटा सहभागी थिए ।

बैठकपछि सञ्चारकर्मीहरूसँग खरेलले भने-'बैठक शान्ति प्रक्रियाका बाँकी काम अर्थात् सत्य निरुपण तथा मेलमिलाप र बेपत्ता छानविन आयोग गठन गर्ने विषयसँग भएको थियो । केही समयअघि दुईवटै आयोगहरू गठन गर्नको लागि बनेको सर्च कमिटीले एउटा प्रतिवेदन पनि दिएको थियो । त्यस प्रतिवेदनलाई पनि त्यहाँ राखियो । त्यस प्रतिदेवनअनुसार मिलेर अगाडि जाने कुरामा विगतमा जस्तै छलफल गर्नुभयो । र, त्यसमा हामी निष्कर्षमा पुगेका छौं ।'

## अब पालिकाको प्रमुख प्रशासकीय अधिकृत प्रदेश निजामती सेवाको




बुटवल । स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत प्रदेश निजामती सेवाको हुने भएको छ । यसअनुसार ऐन बनाउने विषयमा संसदको राज्य व्यवस्था तथा सुशासन समितिअन्तर्गतको उपसमिति सहमत भएको छ ।

गत फागुन ९ गते संघीय निजामती सेवा विधेयकमा सहमती जुटाउन नेपाली कांग्रेसका सांसद दिलेन्द्रप्रसाद बडूको नेतृत्वमा उपसमिति गठन भएको थियो ।

सरकारले संघीय सेवाअन्तर्गत नै स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत राख्न खोजेको थियो ।

तर, संविधानको धारा २२७ ले स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत संघीय सेवाअन्तर्गत राख्न नदिने मत बलियो गरी प्रस्तुत भएपछि प्रदेश निजामती सेवाअन्तर्गत राख्ने विषयमा सहमति जुटेको छ । प्रदेशले तयार गरेर नपठाउँदासम्म संघीय सेवाबाट पठाउन सकिने प्रावधान भने राखिएको छ । संविधानको धारा २२७ मा गाउँसभा र नगरसभासम्बन्धी व्यवस्था छ ।

'गाउँसभा र नगरसभाको सञ्चालन, बैठकको कार्यविधि, समिति गठन, सदस्यको पद रिक्त हुने अवस्था, गाउँसभा र नगरसभाका सदस्यले पाउने सुविधा, गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयसम्बन्धी अन्य व्यवस्था प्रदेश कानुन बमोजिम हुनेछ ।'- संविधानको धारा २२७ मा भनिएको छ ।

प्रदेश कानुन बमोजिम हुने भनेर संविधानमै लेखिएकाले कि संविधान संशोधन गर्नुपर्‍यो कि प्रदेश निजामती सेवाअन्तर्गत राख्नुपर्‍यो भन्ने तर्क उप-समितिमा प्रस्तुत भएका थिए ।

तत्काल संविधान संशोधन हुने सम्भावना नरहेकाले संघीय सेवाबाट पठाउन सकिने तर दीर्घकालीन रुपमा प्रदेश निजामती सेवाअन्तर्गत नै हुने गरी सहमति जुटाइएको हो ।

प्रदेश मन्त्रालयको सचिव पनि प्रदेश निजामती सेवाको हुने भएको छ । तर, प्रदेशले नै सचिव तयार नगर्दासम्म संघीय सेवाबाट पठाउन सकिने प्रावधान राखिने भएको छ ।

प्रदेशको प्रमुख सचिव संघीय निजामती सेवाको हुनेमा सहमति जुटेको छ ।

## कुलमान पदमुक्त



बुटवल । कार्यकाल सकिन चार महिना मात्र बाँकी छंदा सरकारले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई पदबाट हटाएको छ ।

सोमबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले घिसिङलाई पदबाट हटाउने निर्णय गरेको हो ।

घिसिङ दोस्रो पटक २५ साउन २०७८ मा कार्यकारी निर्देशक नियुक्त भएका थिए । कूलमानलाई हटाउन विशेषगरी उर्जामन्त्री दीपक खड्काले मन्त्री भएदेखि नै जोडबल गरेका थिए ।

प्रधानमन्त्री ओली पनि कुलमान हटाउने पक्षमा थिए । कुलमानलाई हटाउने विषयमा कांग्रेसभित्र महामन्त्री गगन थापालगायतका नेताहरुको भने असहमति थियो । लोडसेडिङ हटाएको भन्दै नागरिकस्तरमा भने कूलमानले लोकप्रियता आर्जन गरेका थिए । कुलमानलाई हटाएपछि हितेन्द्रदेव शाक्यलाई नियुक्त गरिएको छ ।

### तिलोत्तमा गोल्डकप :

## भारतको जर्जियन क्लबलाई हराउँदै संकटा क्लब सेमिफाइनलमा


» समाचार ४ पेजमा


बुद्ध सर्किटमा मोनोरेल चलाउन

## मुख्यमन्त्री र सांसद चौधरीबिच छलफल



दाङ । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले बुद्ध सर्किटलाई आपसमा जोड्न मोनोरेल सञ्चालन गर्न आवश्यक रहेको बताएका छन् । प्रतिनिधि सभा सदस्य एवं नेपालकै अग्रणी व्यवसायी विनोद चौधरीसँग मुख्यमन्त्री कार्यालयमा भएको छलफलमा आचार्यले कपिलवस्तु, रुपन्देही र नवलपरासीलाई बुद्ध सर्किटमार्फत् जोड्न मोनोरेल सञ्चालन गर्न सकिने आधार रहेको बताएका हुन् ।

प्रदेश सरकारले मोनोरेल सञ्चालनका लागि सम्भाव्यता अध्ययन गर्ने र निजी क्षेत्रलाई आकर्षित गर्ने योजना बनाएको समेत मुख्यमन्त्रीले सांसद चौधरीलाई जानकारी गराए ।

'प्रदेश सरकारले बुद्ध सर्किटको योजना बनाएको छ, यहाँ मोनोरेल चलाउन सकिन्छ, त्यसका लागि निजी क्षेत्रको साथ खोजिरहेका छौं ।'-मुखयमन्त्रीले भने ।

मुख्यमन्त्री आचार्यले गौतमबुद्धको जन्मस्थल लुम्बिनीलाई ब्रान्डिङ गरी विश्वभरका बौद्ध धर्मावलम्बीहरूको पहिलो गन्तव्य स्थलका रूपमा विकास गर्न प्रदेश सरकारले पहल गरिरहेको समेत बताए । पर्यटन बोर्डमार्फत् लुम्बिनीको समग्र विकासलाई जोडेर वृहत् योजना निर्माण गरिने पनि उनले बताए ।

छलफलका क्रममा प्रतिनिधिसभा सदस्य चौधरीले आगामी आर्थिक वर्षका लागि प्रदेश सरकारले स्वरोजगार प्रवर्द्धन, स्वास्थ्य सेवा सुधार, सामाजिक सेवा, पूर्वाधार निर्माण तथा लुम्बिनीको पर्यटन विकासलाई प्राथमिकता दिने गरी योजना समेट्न आग्रह गरे । उनले मोनोरेलमा निजी क्षेत्रको लगानी आकर्षित गर्न आफूले पनि पहल गर्ने बताएका मुखयमन्त्रीका प्रेस सल्लाहकार दशरथ घिमिरेले जानकारी दिए ।

यसअघि एमाले महासचिव शंकर पोखरेल मुख्यमन्त्री हुँदा पनि सरकारले मोनोरेल सञ्चालन गर्ने नीति तथा कार्यक्रममा समावेश गरे पनि कार्यान्वयन भने हुन सकेको छैन ।




दैनिक लुम्बिनी

## सम्पादकीय

### ओआइडीपी अवार्ड : नेपाललाई विश्वभर थप चिनाउने मौका

स्पेनको इन्टरनेसनल अब्जरभेटरी अन पार्टिसिपेसन डेमोक्रेसी संस्थाले जनसहभागितामा आधारित असल अभ्यास गर्ने संसारभरका स्थानीय र प्रदेश सरकारहरुबीच प्रतिस्पर्धा गराई ओआइडीपी अवार्ड वितरण गर्दै आएको छ। उक्त अवार्डको १९औं संस्करणको प्रतिस्पर्धामा नेपालबाट तिलोत्तमा नगरपालिका छनोट भएको छ। अवार्डका लागि विश्वका ३७ देशका स्थानीय र प्रदेश सरकार गरी १३७ वटा संस्थाले आवेदन दिएका थिए। ती मध्येबाट उत्कृष्ट ४० मा तिलोत्तमा नगरपालिका छनोट भएको हो। तिलोत्तमा नेपालबाट मात्र नभई सार्क मुलुकहरुबाटै छनोट भएको एक मात्र पालिका हो।

अब  यी ४० आवेदकबिच मार्च २८ अर्थात् चैत १५ गतेसम्म अनलाइन भोटिङमार्फत् अवार्ड विजेता घोषणा गरिने छ। तिलोत्तमा नगरपालिका २०७४ सालदेखि ८ वर्षसम्म अर्थात् हालसम्म निरन्तर हरेक महिनाको १ गते र १५ गते जन सहभागितामा नगर  सरसफाइ र हरियाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्दै आएकाले अन्तर्राष्ट्रियस्तरको अवार्डमा छनोट भएको हो। उक्त अभियानको १४०औं श्रृंखला सम्पन्न भएको छ। यो तिलोत्तमा नगरको मात्र नभई समग्र नेपालकै लागि खुशीको विषय हो। अब धेरैभन्दा धेरै अनलाइन भोटिङमार्फत् तिलोत्तमालाई विजेता बनाउन सके एउटा नगरपालिका, जिल्ला र प्रदेशको मात्र नभई नेपालकै नाम अन्तर्राष्ट्रिय जगतमा थप उचाइमा पुराउन मद्दत मिल्न सक्छ।

नेपालीहरुले यसअघि दार्जिलिङका प्रशान्त तामाङलाई यस्तै अनलाइन भोटिङ गरेर इण्डियन आइडलको विजेता बनाएका थिए। रुपन्देहीकी तेरिया फौजा मगरलाई डान्स इण्डिया डान्स लिटिल मास्टरको उपाधि जिताउन पनि अनलाइन भोटिङमार्फत् विश्वभरका नेपाली एकजुट भएका थिए। अहिले हुन गइरहेको ओआइडीपी अवार्ड त ती प्रतियोगिताभन्दा धेरै माथिल्लो स्तरको अन्तर्राष्ट्रिय र गरिमा बोकेको अवार्ड हो।

अब अनलाइन भोटिङ गर्न ३ दिन मात्र बाँकी छ। विश्वभरका नेपालीहरुले नेपाललाई अन्तर्राष्ट्रिय मञ्चमा विजेता बनाउने हो भने बढीमा आधा घण्टा समय देशका लागि निकालेर ओआइडीपीको वेबसाइटमा गएर भोट दिनुपर्ने हुन्छ। भोट दिन कुनै शुल्क लाग्दैन केवल बढीमा आधा घण्टा समय लाग्न सक्छ। वेबसाइटमा गएर कसरी भोट गर्ने भन्ने तरिका समेत तिलोत्तमा नगरपालिकाले आफ्नो फेसबुकमा राखेको छ। नगर प्रमुख र उपप्रमुखले आम नगरवासी र विश्वभरका नेपालीसँग भोट दिन अपील समेत गरेका छन्।

एकपटक विश्वभरका नेपालीले एकाध घण्टा आफ्नो मातृभूमिका लागि छुट्टाएर भोट दिने हो भने नेपाल विश्वका ३७ देशका १३६ स्थानीय र प्रदेश सरकारलाई पछाडि पार्दै अवार्ड विजेता बन्न सक्छ। यो असम्भव छैन। यो आम नेपालीका लागि आफ्नो मुलुकलाई जिताउने एउटा महत्वपूर्ण मौका र अवसर हो, यसलाई सदुपयोग गरेर तिलोत्तमालाई भोटिङ गरेर जिताउन सके सिंगो नेपालको जित हुनेछ। ओआइडीपीले विभिन्न पाँच विधामा भोटङ गर्नुपर्ने नियम बनाएको छ। तिलोत्तमालाई  पारिस्थितिक संक्रमण र वातावरण (इकोलोजिकलक ट्रान्जिसन एण्ड इन्भाइरन्मेन्ट) विधामा मत दिन सकिन्छ। तर तिलोत्तमासँगै अन्य ४ विधामा पनि एकसाथ मत दिनुपर्छ। ५ वटा विधामा मत नदिए तिलोत्तमालाई दिएको मत रद्द हुन जान्छ। तसर्थ यो अवसरलाई खेर जान नदिन राजनीतिक आस्था र विचार, दलीय आबद्धता, भेगीय सोंचभन्दा माथि उठेर सिंगो नेपालको जितलाई अर्जुन दृष्टि बनाएर मात्र ३ दिन भोटिङमा सरिक हुनु हामी सबै नेपालीको दायित्व हो।  अनलाइन भोटिङको ५० अंक र जुरी (निर्णायक) को ५० अंकका आधारमा आगामी मे महिनाको २१ देखि २३ सम्म अर्जेन्टिनाको कोर्डोबामा हुने २४औं ओआइडीपी कन्फेरेन्स (सम्मेलन) मा अवार्ड वितरण गरिने छ।

# नेपाली राजनीतिमा राजा कि ‘मार्क कार्नी’



गुरुराज घिमिरे

*हरेकपटक प्रणाली बदलेर केही गर्न नसकेको अवगाल कति सहने ? के ग्यारेन्टी छ, राजतन्त्रको पुनरागमनले नेपालको भविष्यलाई समुज्ज्वल गराउने ? राजा ल्याउन हिँडेका पात्रहरूको राजनीतिक र सामाजिक छवि हामी सबैले देखेभोगेकै होइन र ? तसर्थ, आजको आवश्यकता र अन्तिम प्रयत्न पात्रको परिवर्तन नै हो। हामीलाई यतिवेला मौजुदा प्रणालीअन्तर्गत राजनीतिभित्र या आवश्यक परे बाहिरबाट भए पनि मार्क कार्नी चाहिएको छ।*

हिजोआज नेपाली राजनीतिमा राजाको चर्चा छ। एउटा त्यस्तो राजा, जो आफ्नो जीवनकालमा परिबन्द वा परिस्थितिले दुईपटक राजा भए। उनी राजा बन्न जन्मेका थिएनन्। शाहवंशीय राजपरिवारको सदस्य भए पनि उनको देशको राजा बन्ने जन्मसिद्ध योग्यता र अधिकार थिएन। तर, उनको प्रारब्धले उनलाई राजा बनायो। त्यो पनि एकपटक होइन, दुई-दुईपटक। यद्यपि, त्यो गद्दी टिकाउ भएन, अन्ततः गयो। उनको गद्दी मात्र गएन, नेपालबाट राजतन्त्र नै बिदा भयो। यसमा उनी स्वयं जिम्मेवार र कारक छन्, त्यसको परिणाम मात्र गणतन्त्र हो। यता आएर उनी फर्कने या उनलाई फर्काउनुपर्ने बहस सुरु भएको छ। यसको अग्रपंक्तिमा पूर्वपञ्च र केही नयाँ पात्र छन्, जसलाई नेपाली जनताले राम्रोसँग चिन्छन्। अब प्रश्न उठ्छ, के यो देशको आवश्यकता भइसक्यो त ? के हाम्रो मौजुदा शासन प्रणालीले काम गरेन त ? हामीले परित्याग गरेको राजासहितको शासन प्रणाली अहिलेको शासन प्रणालीभन्दा गतिलो र उत्तम थियो त ? राजाको सक्रिय नेतृत्वमा रहेको पञ्चायती शासन भोगेका धेरै नेपाली जीवितै छन्। पञ्चहरूको शासकीय प्रवृत्ति व्यहोरेका बहुसंख्यक जनता बाँचेकै छन्। त्यसको वर्णन गर्नुपर्दैन। अहिलेको अवस्थालाई निरपेक्ष रूपमा हेरेर मात्र हुँदैन, विगतको सापेक्षतामा पनि हेर्नुपर्छ। आजभन्दा हिजो कदापि ठिक थिएन। तर, प्रश्न उठ्छ, के आजचाहिँ चित्तबुझ्दो अवस्था छ त ? खुलस्त भन्नुपर्छ, छैन। अनि यसको ओखती के हो त ? यस विषयमा थोरै चर्चा गर्नु सान्दर्भिक हुनेछ।

‘न खाता न बही, नेता जो कहे वही सही’- प्राडा आनन्द कुमार। भारतको जेएनयुका प्राडा आनन्द कुमारले विराटनगरको प्रतिष्ठित र पुरानो एलिट क्लबमा दिएको अभिव्यक्तिको अंश हो यो। उनले त्यहाँ धेरै कुरा भने। तर, उनको सम्पूर्ण अभिव्यक्तिको सार यही थियो। नेपालको राजनीतिमा अहिलेको कटु यथार्थ पनि यही हो। यतिवेला कायम रहेको नेपालको शासन व्यवस्थालाई केही राजनीतिक दलका सीमित नेताले आफ्नो मनोकांक्षा पूरा गर्ने साधन बनाएका छन्। यो राजनीतिकर्मीको गलत प्रवृत्ति हो। यसको दोष राजनीतिक प्रणालीको थाप्लोमा बोकाउनु हुँदैन। उनीहरू जे चाहन्छन्, त्यसलाई पूरा गर्न जे पनि गर्छन्। विधिविधानले उनीहरूलाई छुँदैन र त्यसलाई उनीहरूले मान्नु पनि पर्दैन। उनीहरू जे सोच्छन् र बोल्छन्, त्यही प्रजातन्त्र हो। राजनीतिमा पहुँच भएका नेता त्यस्ता अवतारजस्ता छन्, जसलाई धर्म, कानुन, नैतिकता केहीले पनि छुँदैन। उनिहरूका लागि जनताको प्रयोजन भोट पाउनसम्मका लागि मात्र हो, उनीहरूप्रति कुनै जवाफदेहिता देखिँदैन।

प्राडा आनन्द कुमार विश्व राजनीतिको ठोस र वस्तुनिष्ठ विवेचना गर्ने हैसियत र क्षमता राख्छन्। नेपालको राजनीतिको वर्तमान चित्र र चरित्र उनलाई राम्रोसँग थाहा छ। विश्वका गरिब देशका लोकतान्त्रिक शासन प्रणालीको साझा संकट हो यो। अधिनायकवादले मात्र अहंकारी शासक जन्माउँछ। सबै प्रकारका तानाशाहीको आधारभूत चरित्र हो अहंकार र दम्भ। उनले थप भने- लोकतन्त्रमा अहंकार वर्जित छ। तर, यता नेपाली राजनीतिमा अहंकारको बोलावाला छ। सत्तामा पुगेका व्यक्तिले विनम्रता गुमाएका छन्। यसको अर्थ उनीहरूमा लोकतान्त्रिक चरित्र र संस्कार छैन। यो कसरी सम्भव भयो त ? जीवनभर प्रजातन्त्रका लागि संघर्ष गरेका व्यक्तिमा अहंकार कसरी पैदा भयो ? यसको सीधा उत्तर छ- जनताले बारम्बार चुनाव जिताएर नेता-मन्त्री बनाइदिएपछि आफू देशका लागि अपरिहार्य भएको भ्रम पैदा भयो। सत्तामा पुगेपछि राज्य दोहनबाट अकुत सम्पत्ति जम्मा भयो। पार्टीको समेत उच्च पद प्राप्त भएपछि त के चाहियो र ? अब जे गरे पनि हुन्छ भन्ने दम्भ पैदा भयो। यसको सोझो असर प्रजातान्त्रिक संस्था र प्रणालीमा पर्न गयो। आज नेपालले यही नियति भोग्नुपरेको छ। देश र जनताका लागि राम्रो गर्ने नेतालाई या त सत्तामा पुग्न दिइँदैन, या अनेक अवरोध सिर्जना गरिन्छ।

क्यानडाका तत्कालीन प्रधानमन्त्री जस्टिन ट्रुडोले लिबरल पार्टीको नेता पद छाडेपछि केही दिनअघि सम्पन्न पार्टीको नेता पदको निर्वाचनमा बैंक अफ इंग्ल्यान्डका गभर्नर रहिसकेका बेलायती पूर्वप्रधानमन्त्री बोरिस जोन्सनका पूर्वप्रमुख आर्थिक सल्लाहकार मार्क कार्नीले पार्टीका झन्डै डेढ लाख सक्रिय सदस्यमध्येबाट ८६ प्रतिशत मत प्राप्त गरी नेता पदमा निर्वाचित भए। झन्डै दुई महिनाअघि मात्र लिबरल पार्टीको सदस्यता लिएका उनले बैंक अफ क्यानडाको गभर्नर हुँदा देशलाई तत्कालको आर्थिक संकटबाट जोगाएका थिए। यसैलाई देखेर बेलायतले आफ्नो देशलाई आर्थिक संकटबाट मुक्त गर्न उनलाई गभर्नर नियुक्त गरेको थियो। तत्पश्चात् प्रधानमन्त्रीको प्रमुख आर्थिक सल्लाहकार पनि। अहिले आएर उनको क्षमतालाई दृष्टिगत गरेर क्यानडाका प्रधानमन्त्री बनाइएको छ। यसले के दर्साउँछ ? कुनै पनि देशलाई उँभो लगाउन क्षमतावान् नेतृत्व चाहिन्छ। कसैले स्विकारे पनि नस्विकारे पनि यतिवेला हामी गम्भीर संकटसामु छौँ। देश कता जाला भन्ने त्रास सर्वत्र छ। देश यान्त्रिक बहुमतले मात्र चलिरहेको छ। सरकारसँग जनताको भावनात्मक सम्बन्ध जोडिएको छैन। किन ? हिजो बहुदलकालमा दलहरूले राम्रो काम गर्न नसकेका कारण पुनः प्रजातन्त्रमाथि संकट आएको प्रस्ट छ। त्यसैले तत्कालीन राजालाई खेल्ने ठाउँ भयो। त्यस परिस्थितिसँग खेलेर तत्कालीन राजा निरंकुश बन्न खोज्दा अन्ततः राजसंस्था नै गएको हो। नत्र, त्यति चाँडै नेपालबाट राजसंस्था जाने थिएन। अब भविष्यको बाटो के त भन्ने प्रश्न जनमानसमा उठेको छ। यसमा हामी छर्लंग हुनुपर्छ। नेपालको वर्तमान लोकतान्त्रिक प्रणाली विश्वको उन्नत र सर्वस्वीकृत राजनीतिक प्रणाली हो। यसको विकल्पमा नेपाल जान सक्दैन। हामी त्यस्तो परिकल्पना गर्न पनि सक्दैनौँ। यो हामी सबैको निष्कर्ष हो।

अब अलिकति अहिले सडकमा देखिएको गतिविधिबारे चर्चासँगै नेपालको राजनीतिक इतिहासलाई स्मरण गरौँ। नेपालमा लोकतान्त्रिक शासन प्रणाली स्थापना भएपछि केही व्यक्तिको निदहराम भयो। उनीहरूले परिवर्तनलाई आत्मसात् गर्न सकेनन्। २००७ मा जे भयो, ०४६ र ०६३ मा त्यही भयो। उनीहरूलाई देश विकासको चिन्ता थिएन, सत्ताको ताबेदारी गरेर आफ्नो दुनो सोझ्याउनुबाहेक। केही व्यक्ति गतिला भए पनि उनीहरूका हातमा सत्ता थिएन। नेपाल एकीकरणको झन्डै २६० वर्ष भयो। त्यसयता आन्तरिक सत्ता संघर्ष कति चल्यो, इतिहासमा अंकित नै छ। सत्ता संघर्षमा रमाउनबाहेक नेपालका राजनीतिकर्मीले केही जानेनन् र देश विकासको कर्तव्य कसैले पूरा गरेनन्। जनताको दुःखको हेक्का कसैलाई भएन।

नेपालभन्दा नयाँ राष्ट्रहरूले कति प्रगति गरे, प्रस्ट छ। राजा भएकै देशहरू पनि समुन्नत भए। वर्षमा ६ महिना हिउँ पर्ने देशहरू र तातो बालुवा मात्र भएका खाडी राष्ट्रहरूले समेत व्यापक उन्नति गरे। तर, नेपाल अघि बढेन। न राजा न राजनीतिज्ञ, कसैले पनि देश र जनताको चिन्ता गरेनन्। त्यसैले वाद, सिद्धान्त, प्रणाली, राजा र राजनीतिज्ञ कसैले पनि नेपालप्रति न्याय गरेनन् र उन्नति सोचेनन्, फगत आफ्नो हित र स्वार्थबाहेक। यसमा राष्ट्रको बागडोर सबैभन्दा बढी समय राजाकै हातमा थियो। गर्न सकेको भए प्रशस्त समय र मौका पनि थियो। राणा त अझ निरंकुश बने। जनताविनाको देश हुँदैन भन्ने यथार्थ उनीहरूले बुझेनन् र राज्यका निर्माता नै जनता हुन् भन्ने हेक्का राखेनन्। त्यसको परिणाम नेपाल सधैँभरि पछौटे नै रह्यो। यसलाई विस्मृतिमा राख्न मिल्दैन। सडकमा उत्रिएका अधिकांश निर्दोष र प्रताडित नेपाली हुन्। उनीहरू कसैले केही गर्छ कि वा गरिदिएहुन्थ्यो भन्ने आसमा छन्। उनीहरू कहिले नयाँ दललाई हेर्छन्, कहिले स्वतन्त्र व्यक्ति वा कहिले राजालाई। यो आमनेपालीको पीडा हो। आफ्नो दुःख कसले हरिदेला भन्ने चिन्ता पनि। यतिवेला नेपाली जनता तारणहार खोजिरहेका छन्। हामीलाई थाहा छ, डुब्न लागेको व्यक्तिले अगाडि जे भेट्यो, त्यही समाउँछ, बुटो, ठुटो वा त्यान्द्रो। बचाउन गएको साथीको टाउको थिचेर भए पनि आफूलाई बचाउन खोज्छ। नेपाली जनताको नियति यही हो।

राजपरिवारको नेपाली माटोसँग गहिरो सम्बन्ध छ। निसंकोच भन्न सकिन्छ, शाहवंश नेपाल एकीकरणको महानायक हो। यस विषयमा हामीले विवाद गर्न मिल्दैन र गर्न पनि हुँदैन। तर, नेपाललाई यस संस्थाले कुशलतापूर्वक नेतृत्व दिन नसकेरै बिदा भएको हो। तसर्थ, अहिले आएर वर्तमान शासन प्रणालीलाई शतप्रतिशत खराब देखाएर तत्कालीन राजासहितको व्यवस्था उत्तम थियो भन्नु युक्तिसंगत देखिँदैन। तथापि, एउटा सत्यचाहिँ के हो भने त्यसवेला पनि दलहरूकै अकर्मण्यताका कारण राजाले खेल्न पाएका थिए।

अहिले आएर नेपाली राजनीतिमा पुनः एउटा प्रश्न खडा भएको छ। के हिजोजस्तै राजनीतिक दलहरूले वर्तमान शासन प्रणाली सञ्चालनमा कुशलता देखाउन नसकेका हुन् त ? निसंकोच भन्न सकिन्छ, दलहरू गम्भीर र जिम्मेवार देखिएनन्। फगत शासन प्रणाली स्थापना गरेर मात्र पुग्दैन भन्ने सत्यलाई नबुझ्दा बिस्तारै राजनीतिक परिस्थिति अनियन्त्रित हुन थालेको हो। यसले एउटा नयाँ बहसलाई आमन्त्रण गरेको छ। धेरै अघिदेखि हामीले उठाउँदै आएको प्रश्न र मुद्दा जीवन्त भएको छ। ‘दलहरू सुध्रिने कि प्रणाली फेर्नुपर्ने ?’ यसैमा राजासहितको प्रजातन्त्रको बहस सुरु भएको हो।

अब प्रणाली फेर्ने कि पात्र ? राजाको स्थानसहितको लोकतन्त्र कि मौजुदा प्रणालीमै मार्क कार्नीजस्ता गतिला पात्रको खोजी ? कार्नीको नेतृत्वमा क्यानडा कसरी अगाडि बढ्ला, हेर्न बाँकी नै छ। नेपालको पहिलो विकल्प यही हुन सक्छ पात्र परिवर्तन। हरेकपटक प्रणाली बदलेर केही गर्न नसकेको अवगाल कति सहने ? के ग्यारेन्टी छ, राजतन्त्रको पुनरागमनले नेपालको भविष्यलाई समुज्ज्वल गराउने ? राजा ल्याउन हिंडेका पात्रहरूको राजनीतिक र सामाजिक छवि हामी सबैले देखेभोगेकै होइन र ? तसर्थ, आजको आवश्यकता र अन्तिम प्रयत्न पात्रको परिवर्तन नै हो। हामीलाई यतिवेला मौजुदा प्रणालीअन्तर्गत राजनीतिभित्र या आवश्यक परे बाहिरबाट भए पनि मार्क कार्नी चाहिएको छ। यो काम जतिसक्दो चाँडो गर्नुपर्ने हुन्छ। अन्यथा, वर्तमान शासन प्रणालीका अगुवाहरू नै राजतन्त्रको ‘फरिस्ता’ बन्न बेर लाग्नेछैन।

नयाँ पत्रिकाबाट

## पीएम कप क्रिकेट:
# गण्डकी, एपीएफ र बागमती विजयी

भैरहवा। प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा सोमबार भएका तीन खेलमा गण्डकी प्रदेश, नेपाल एपीएफ क्लब र बागमती प्रदेश विजयी भएका छन्। सोमबार भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको खेलमा अर्जुन कुमालको शतक प्रहारबिच गण्डकीले सुपरओभर खेलेर मधेश प्रदेशलाई पराजित गरेको छ। मधेशविरुद्धको खेलमा अर्जुनले शतक प्रहार गरेका हुन्। उनले १०६ रन बनाए। १४० बल खेलेका अर्जुनले १० चौका र १ छक्का प्रहार गरे।

जारी प्रतियोगितामा यो चौथो शतक हो। यसअघि सुदूरपश्चिमका किरण ठगुन्नाले दुई शतक प्रहार गर्दा त्रिभुवन आर्मी क्लबका तृतराज दासले शतक प्रहार गरेका थिए। अर्जुनले शतक प्रहार गरे पनि गण्डकीले जित निकाल्न सुपर ओभर कुर्नु पर्यो। सुपर ओभरमा पहिले ब्याटिङ गरेको गण्डकीले २२ रन बनाउँदा मधेशले ९ रन मात्र जोड्न सक्यो।

गण्डकीका लागि अर्जुन बाहेक अरु ब्याटरले उल्लेख योगदान गर्न सकेनन्। गण्डकीलाई जितका लागि अन्तिम बलमा दुई रन चाहिएको थियो। बलिङमा मधेशका विशाल पटेल थिए। ब्याटिङमा गण्डकी सन्दीप पराजुली थिए। अन्तिम विकेट बाँकी रहेको अवस्थामा विशालले वाइड फ्याँक्दा स्कोर बराबरी भएको थियो। तर, रनका लागि दौडिदा सन्दीप रनआउट हुँदा गण्डकी अलआउट भयो र उसले मधेशले जति नै २४६ रन जोड्यो।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको मधेशले ७ विकेटको क्षतिमा २४६ रन जोड्यो। मधेशका लागि तीन ब्याटरले अर्धशतक प्रहार गरे। ओपनर रोहन विकले ६४, हरिशंकर साहले ५१ र रुपेश सिंहले ३२ बलमा नटआउट ५१ रन बनाए। बलिङमा गण्डकीका विपिन खत्री र कमल परियारले २-२ विकेट लिन सफल भए। जित हात पारेसँगै गण्डकीले पुछारको स्थान छाड्न सफल भयो। उसले सबै खेल खेल्दा ४ अंक जोड्यो। अन्तिम दुई खेल बाँकी छदा मधेशको पनि ४ अंक छ।

यस्तै, रुपन्देहीको तिलोत्तमास्थित एक्स्ट्राटेक ओभल क्रिकेट मैदानमा भएको खेलमा एपीएफले लुम्बिनी प्रदेशलाई ७ विकेटले पराजित गर्दै फाइनलको सम्भावना केही बलियो बनाएको छ। अंक तालिकाको तेस्रो स्थानमा रहेको एपीएफले अन्तिम खेलअघि १२ अंक जोडेको छ। दुई खेल खेल्न बाँकी रहेको शीर्ष स्थानको नेपाल पुलिस क्लबको १४ अंक र एक खेल खेल्न बाँकी रहेको दोस्रो स्थानको त्रिभुवन आर्मी क्लबको पनि १४ अंक छ।

अन्तिम खेलमा आर्मीले पुलिससँग खेल्नेछ। अन्तिम खेलमा आर्मी पराजित भएर एपीएफले कोशी प्रदेशलाई हराए एपीएफको फाइनल सम्भावना बलियो हुनेछ। पुलिसका लागि भने कर्णाली र पुलिसमध्ये एक खेल जिते फाइनल पक्का हुनेछ। यससँगै एपीएफसँगै आर्मी र पुलिसको पनि शीर्ष चार स्थान भने पक्का भएको छ।  सोमबार लुम्बिनीले दिएको २२४ रनको लक्ष्य एपीएफले ४१.५ ओभरमा ३ विकेटको क्षतिमा पूरा गर्यो। एपीएफक कप्तान रोहितकुमार पौडेलले ७१ रन र पुरन विकले नटआउट ७२ रन बनाए। बलिङमा लुम्बिनीका राजेन्द्र बलमे ३ विकेट लिए। त्यसअघि पहिले ब्याटिङ गर्दै लुम्बिनीले कप्तान देव खनालको ६३ र मिर्नाल गुरुङको ५५ रनको मद्दतमा ८ विकेटको क्षतिमा २२३ रन बनाएको थियो। बलिङमा एपीएफका अभिषेश गौतम र अमरसिंह रौटेलाले ३-३ तथा मौसम ढकालले २ विकेट हात पारे।

यस्तै, दाङको लमहीस्थित देउखुरी अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा भएको खेलमा बागमतीले कर्णाली प्रदेशलाई ९ विकेटले हराएको छ। बागमतीले ५९ रनको लक्ष्य ६.३ ओभरमा १ विकेट गुमाउँदै पूरा गरेको हो। टोलीका ओपनर आशुतोष घिरइया १९ र शुभ कंसाकारले १६ नटआउट रहे। अर्का ओपनर इशान पाण्डेले सर्वाधिक २२ रन जोडे। त्यसअघि रिजन ढकाल र सूर्य तामाङले ९ विकेट लिएपछि कर्णाली १९.१ओभरमा अलआउट हुँदै ५८ रन मात्र बनाउन सक्यो।

कर्णालीले टस जितेर ब्याटिङ रोजेको थियो। रिजनले ८.१ ओभरमा १ मेडनसहित १९ रन खर्चेर ५ विकेट लिए। सूर्यले ७ ओभरमा २ मेडन राखेर १७ रन दिँदै ४ विकेट हात पारे। रिजन प्लेयर अफ दि म्याच घोषित भए। कर्णालीका लागि सुनिल धमलाले सर्वाधिक १५ रन बनाए। अन्य कुनै पनि ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन्। दुवै टोली पीएम कपको फाइनल दौडबाट बाहिरिसकेका छन्। बागमती ८ खेलमा चौथो जितपछि ८ अंकसहित तालिकाको चौथो स्थानमा छ। समान खेलमा समान अंकसहित कर्णाली पाँचौ स्थानमा छ।

# संघमा ‘विजनेश इन्कुवेशन सेन्टर’

बुटवल। बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीमा पुनः ‘विजनेश इन्कुवेशन सेन्टर’ स्थापना हुने भएको छ। संघले उद्यमशिलता विकासका लागि २०७६ देखि विजनेश इन्कुवेशन सेन्टर सञ्चालन गर्दै आएको थियो। नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रले विजनेश इन्कुवेशन सेन्टर स्थापना तथा सञ्चालनका लागि बुटवल उद्योग वाणिज्य संघलाई २० लाख रुपैयाँ अनुदान उपलब्ध गराएको छ।

विजनेश इन्कुवेशन सेन्टर स्थापना तथा सञ्चालनका लागि घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रले बुटवल उप-महानगरपालिकामार्फत् बुटवल उद्योग वाणिज्य संघका नाममा कोष तथा लेखा नियन्त्रण कार्यालय रुपन्देहीमा अनुदान स्वरुप उक्त रकम निकासा गरिसकेको छ। सोमबार बसेको संघको कार्यसमिति बैठकले विजनेश इन्कुवेशन सेन्टर सञ्चालन तथा उक्त रकम हस्तान्तरणका लागि बुटवल उप-महानगरपालिकामा पत्राचार गर्ने निर्णय गरेको छ।

संघका अध्यक्ष हरिप्रसाद अर्यालले नवउद्यमीहरुलाई प्रोत्साहन र उनीहरुको उद्यम विकास तथा प्रवर्द्धनका लागि संघले यस अगाडि २ पटकसम्म विजनेश इन्कुवेशन कार्यक्रम सञ्चालन गरिएको र त्यसबाट राम्रो प्रतिफल प्राप्त भएको बताए। उनले सरकारी तहबाट प्राप्त भएको यो साथ र सहयोगले उद्यमशिलता विकासमा मद्दत पुग्ने विश्वास व्यक्त गरे।

त्यस्तै संघका निवर्तमान अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणी सदस्य उज्ज्वलप्रसाद कसजूले विगतमा विजनेश इन्कुवेशन कार्यक्रम सञ्चालन गर्दा प्राप्त भएको प्रतिफलकै कारण सरकारी तहबाट यो प्रकारको सहयोग प्राप्त भएको बताउँदै विगतका सिकाइ र अनुभवले अब सञ्चालन गर्ने कार्यक्रम अझै राम्रो र प्रभावकारी हुने विश्वास व्यक्त गरे।

बैठकमा संघका वरिष्ठ उपाध्यक्ष टंकप्रसाद गैरे, उद्योग उपाध्यक्ष सुरज भट्टराई, वाणिज्य उपाध्यक्ष विमलराज भट्टराई, महासचिव मुक्तिप्रसाद अधिकारी, काषाध्यक्ष बसन्तप्रसाद ढकालगायत पदाधिकारी तथा कार्यसमिति सदस्यहरुले भनाइ राखेका थिए।

# दृष्टिविहीन विद्यार्थीलाई वाटर डिस्पेन्सर र बोतल वितरण



परासी। पश्चिम नवलपरासीमा दृष्टिविहीन विद्यार्थीलाई वाटर डिसपेन्सर वितरण गरिएको छ । नेपाल निजामती कर्मचारी संगठन नवलपरासी पश्चिमले दृष्टिविहीन विद्यार्थीहरुलाई वाटर डिसपेन्सर वितरण गरेको हो ।

एक कार्यक्रममको बिच आर्दश माध्यमिक विद्यालयकमा रहेका दृष्टिविहीन विद्यार्थीहरुलाई जिल्ला समन्वय समितिका प्रमुख भगौतीप्रसाद यादव तथा संगठनका अध्यक्ष देवीलाल पौडेलले संयुक्त रुपमा आर्दश माविका विद्यायलका व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मण यादवलाई वाटर डिस्पेन्सर हस्तान्तरण गरीएको संगठनका सचिव अमृत भुसालले जानकारी दिए ।

हस्तान्तरण गर्दै समन्वय प्रमुख यादवले संगठनले अनुकारणी कार्य गरेको भन्दै प्रशास गरेका थिए। उनले यसलाई सुरक्षित साथ प्रयोग गर्न अग्रह गर्दै आगामी दिनमा यस्तो रचानत्मक कार्य गर्दै जान संगठनलाई सुझाव दिए ।

सामाजिक उत्तरदायित्वअन्तर्गत दृष्टिविहीन विद्यार्थीलाई वाटर डिस्पेन्सर वितरण गरिएको अध्यक्ष पौडेलले बताए । गर्मी महिनामा पानी चिसो गर्ने र जाडो मौसममा तातो गर्ने खालकको वाटर डिस्पेन्सरसँगै प्लाष्टिकको बोतलहरु पनि वितरण गरिएको संगठनकी उपाध्यक्ष गुजेश्वरी चौधरीले जानकारी दिइन ।

# देवदहमा एमालेको सचेतना

देवदह। नेपाल कम्यूनिष्ट पार्टी एमाले देवदह नगर कमिटीले प्रतिगमनविरुद्ध सचेतना अभियान सम्पन्न गरेको छ। नेकपा एमाले पार्टी केन्द्रको निर्णयअनुसार रुपन्देहीको देवदह क्षेत्रमा ६ वटा स्थानमा प्रतिगमनविरुद्ध सचेतना जागरण अभियान सञ्चालन गरेको पार्टीका नगर अध्यक्ष केशव भट्टराईले जानकारी दिए। इतिहासको तुलनात्मक अध्ययन गर्दै आमजनतालाई भ्रमबाट मुक्त गराउन, देशभित्र मडारिन खोजेको कालो बादल हटाई उज्यालो भविष्य र गन्तव्य देखाउनको लागि जागरण अभियान संचालन गरिएको क्षेत्रीय कमिटीका सहसंयोजक प्रकाश अर्यालले जानकारी दिए । जागरण अभियानअन्तर्गत देवदहको खैरेनी, शितलनगर, भलुही, शंकपुर, ६ नम्वर र भवानीपुरमा प्रतिगमनविरुद्ध सचेतना जागरण सभा गरिएको नगर कमिटीले जानकारी दिएको छ।

देवदह नगरपालिका-५, खैरेनी चोकमा भएको जागरण अभियानमा बोल्दै पार्टीका केन्द्रीय सदस्य शिवराज सुवेदीले लोकतान्त्रिक गणतन्त्रमा सबै नागरिकलाई समान अधिकार हुनुपर्ने र प्रत्येक व्यक्तिले स्वतन्त्र रूपमा बोल्न पाउने अधिकार आवश्यक रहेको बताए। उनले इतिहासलाई स्मरण गर्दै, जव/जब कम्युनिष्टहरू सत्तामा पुगेका छन्, तब/तब विकासले गति लिएको उल्लेख गरे ।

उनले जनताको स्वतन्त्रताको लागि गरिएको क्रान्तिलाई कसैले नकार्न नसक्ने स्पष्ट पार्दै, एमालेले कुनै पनि अन्याय सहन तयार नरहेको धारणा व्यक्त गरे। जनताबिच विभाजन र द्वन्द्व सिर्जना गर्ने प्रवृत्तिको अन्त्य गर्नुपर्ने बताउँदै उनले समाजमा सकारात्मक सन्देश फैलाउने उद्देश्यले यो कार्यक्रम आयोजना गरिएको जानकारी दिए। यसैगरी देवदह-७, शितलनगरमा भएको जागरण अभियानमा बोल्दै पार्टीका अनुशासन आयोगका सदस्य डा. कृष्णप्रसाद न्यौपानेले बाहिर जसरी हल्ला गरेपनि नेपालमा राजसंस्था पुनःस्थापित हुन नसक्ने बताए ।

उनले संविधान संशोधन र स्थिर सरकार निर्माणको लागि एमाले र काग्रेसको संयुक्त सरकार गठन गरेको जनाए । खैरेनी चोकमा भएको कार्यक्रममा नेकपा एमाले प्रदेश कमिटी सदस्य विद्यालक्ष्मी गुरुङ, जिल्ला कमिटी सदस्य कृष्ण पौडेल, नगर सचिव गणेश डुम्रे, खेमबहादुर थापालगायत पार्टीका नेताहरुको उपस्तिथि रहेको थियो। जागरण अभियानअन्तर्गत भलुहीमा भएको कार्यक्रममा पार्टीका नेता ऋषिराम सापकोटा, शंकरपुरमा जिल्ला कमिटी सदस्य अजय रौनियार र ६ नम्वरमा जिल्ला सदस्य प्रजापति सापकोटा, भवानीपुरमा भएको कार्यक्रममा जिल्ला सदस्य चक्रपानी तिवारीलगायतले सम्बोधन गरेका थिए।

# एकिकृत समाजवादी रूपन्देही अध्यक्षमा शाह



बुटवल। नेकपा एकिकृत समाजवादी रूपन्देहीको अध्यक्षमा हिराध्वज शाह सर्वसम्मत निर्वाचित भएका छन् । बुटवलमा सम्पन्न पार्टीको १०औं जिल्ला अधिवेशनले शाहको नेतृत्वमा नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो ।

उपाध्यक्षमा अविराम विश्वकर्मा, अर्का उपाध्यक्षमा मिरा श्रेष्ठ, सचिवमा टंकप्रसाद पोखेल निर्वाचित भएको निर्वाचन मण्डलका अध्यक्ष फर्सुराम घिमिरेले जानकारी दिए । यसैगरी उप-सचिवमा रामबहादुर बस्नेत, बाबुराम अर्याल र शारदा पहारी चयन भएका छन् ।

समावेशि सदस्यहरुसहित ६७ सदस्यीय जिल्ला समिति सर्वसम्मत निर्वाचित भएको जिल्ला इञ्चार्ज पोलिटब्यूरो सदस्य नन्दलाल बञ्जाडेले बताए। नवनिर्वाचित अध्यक्ष शाहले पार्टीले अघि सारेको समाजवादी विचार र कार्यदिशामा नेपालका अन्य पार्टीलाई समेत सहमत गराई आगामी निर्वाचनसम्म पार्टीलाई रुपन्देहीमा निर्णायक शक्ति बनाउने प्रतिबद्धता जनाए।

# बुटवल उद्योग वाणिज्य संघको परिषद् सभा चैत २५ मा

बुटवल । बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीले यहि चैतमा परिषदसभा गर्ने भएको छ । संघको सोमबार बसेको कार्यसमिति बैठकले संघको विधानअनुसार यहि चैतको २५ गते परिषद् सभा गर्ने निर्णय गरिएको संघका महासचिव मुक्तिप्रसाद अधिकारीले जानकारी दिए।

संघका अध्यक्ष हरिप्रसाद अर्यालको अध्यक्षतामा बसेको कार्यसमिति बैंठकले परिषद् सभामा कार्यसमितिको तर्फबाट महासचिवले प्रस्तुत गर्ने प्रतिवेदन तयारी तथा परिषद् सभाका सदस्यहरुलाई पत्राचारलगायतका जिम्मेवारी पदाधिकारीलाई सुम्पिएको छ।

त्यसैगरी बैठकले यहि चैत २८ गते हुने नेपाल उद्योग वाणिज्य महासंघको ५९औं वार्षिक साधारणसभामा संघबाट सहभागी हुने प्रतिनिधि समेत चयन गरेको छ । महासंघको साधारणसभामा सहभागी हुनको लागि संघबाट मुख्य प्रतिनिधिमा अध्यक्ष हरिप्रसाद अर्याल तथा प्रतिनीधिहरुमा उद्योग उपाध्यक्ष सुरज भट्टराई र वाणिज्य उपाध्यक्ष विमलराज भट्टराईलाई चयन गरिएको हो ।

उक्त परिषद् सभामा संघले प्रकाशन गरेको २०८२ को क्यालेण्डर समेत विमोचन गरिने छ।

## लुम्बिनी प्रदेश सरकार
## सहरी विकास तथा खानेपानी मन्त्रालय
## प्रदेश राजधानी निर्माण आयोजना कार्यान्वयन इकाई
## राप्ती उपत्यका (देउखुरी), दाङ, नेपाल

## आर्थिक प्रस्ताव खोलिने बारेको सुचना

प्रकाशित मिति २०८१/१२/१२

यस कार्यालय बाट मिति २०८१/११/०८ गतेकोनयाँ युगबोधराष्ट्रिय दैनिक पत्रिका तथा नेपाल सरकार सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतिय खरिद प्रणाली e–GP system www.bolpatra.gov.np/egpमा प्रकाशित बोलपत्र आह्वानको सूचना नं.PCCPIU/Dang/०१-०८१/८२अनुसार निम्न खरिद कार्य र विवरणसँग सम्बन्धित निर्माण कार्यको लागि रीतपुर्वक दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्ताव खोली मूल्याङ्कन समितिले मूल्याङ्कन गर्दा निम्न बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव बोलपत्र कागजातमा उल्लेख भएको योग्यताको सबै आधारमा सफल भई सारभुत रुपमा प्रभावग्राही भएको पाइएको हुँदा सार्बजनिक खरीद नियमावलि २०६४ ( संसोधन सहित)को नियम ३१(ज) को उपनियम (५) बमोजिम सारभुतरुपमा प्रभावग्राही भएका तपसिल बमोजिमका बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव मिति २०८१/१२/१९ गते दिनको १.०० बजे यस कार्यालयमा खोलिने भएकोले सरोकारवाला सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ।

| सि.नं | खरिद नं र कार्य | बोलपत्रदाताको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | PCCPIU/Dang/NCB/Works/01-081/82, Approach Road way construction work up to waste management center and protection work at Rapti Rural Municipality-2, Dang | बगेश्वरी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. तुल्सीपुर ६, दाङ | |
| | | इजि कन्स्ट्रक्सन राप्ती गा.पा. ५, दाङ | |
| | | श्रीजना-एम.के.जे.भि., दाङ | |

आयोजना प्रमुख

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गोपाल रानाको नाति, मेहर सिंको छोरा लुम्बिनी प्रदेश गुल्मी जिल्ला धुर्कोट गाँउपालिका वडा नं. ०३ बस्ने रुद्र वहादुर नगरकोटीले यस शाखामा बचत खाता नं. २०९१५२४०३००६०६ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/०९/०५ मा निज खातावाला रुद्र वहादुर नगरकोटीको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त
खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने खगी नगरकोटी भन्ने रामकुमारीले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक रुद्र वहादुर नगरकोटीको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भएवा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
गुल्मी शाखा, फोन नम्बर :– ०७९–५२१०२९
फ्याक्स:– ०७९–५२११९४

## मालपोत कार्यालय भैरहवाबाट जारी भएको स्रेस्ता कायम तथा नामसारी सम्बन्धी ३५ दिने सूचना

## सुचना। सुचना॥ सुचना॥।

जिल्ला रुपन्देही साविक मधुवनी गा.वि.स. ७ हाल लुम्बिनी सांस्कृतिक नगरपालिका वडा नं. १० बस्ने घिसन कोहारको नाती कल्लु कोहारको छोरा चन्द्र कोहार र गुलाव चन्द्र कोहार समेतको लु.स.न.पा. वडा नं. १० को च.नं.११६८ मिति २०८१/११/१३ को सिफारीस संलग्न राखी गंगा कोहारको नातिनि सोमई कोहारको छोरी धनपती कोहाईनको आफ्नै कालगतिले मिति २०५५/०१/०५ गते आफ्नै कालगतिले मृत्यु भई सकेकोले मृतकको पति दुलारेको पनि मिति २०३४ साल अगावै आफ्नै कालगतिले मृत्यु भईसकेको हुँदा मृतकबाट जायजन्म भएका एक मात्र छोरी दुलारी कोहाईन आफ्नै कालगतिले मिति २०७१/०८/१५ मृत्यु भईसकैकाले मृतकको पति कल्लु कोहारको पनि आआफ्नै कालगतिले मिति २०७४/०५/१६ गते मृत्यु भईसकेकाले मृतकबाट जाय जन्म भएका दुई छोरा फुल चन्द्र कोहार र गुलाव चन्द्र कोहार भएकाले मृतक धनपती कोहाईनको नाममा दर्ता कायम रहेको जग्गाको स्रेस्ता कायम र नामसारी गरी जग्गाधनी दर्ता प्रमाण पुर्जा पाउँ भनी दर्ता नं. १८९१२ मिति २०८१/११/१८ मा मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा निवेदन दिनुभएकोमा नामसारी गर्दा सरकारी / सार्वजनिक वा व्यक्तिगत अन्य कसैको हकदैयामा असर पर्ने तथा उक्त जग्गा दर्ता गर्न नमिल्ने भए यो सुचना प्रकाशन भएको मितिले ३५ दिनभित्र स-प्रमाण आफैं वा वारेस मार्फत हकदावी गर्नका लागि सरोकारवालामा अनुरोध छ। म्यादभित्र हकदावी उजुर बाजुर नपरेमा प्रचलित कानुन बमोजिम भई जाने व्यहोरा सबैमा अनुरोध छ।

**जग्गाको विवरण**

| सि. नं. | जिल्ला | गा.बि.स. | वडा | कि. नं. | क्षेत्रफल | फिल्डबुकको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | रुपन्देही | मधुवनी | ६ ख | ४१८ | ०-०-१२ | धनपती कोहाईन | |
| २ | रुपन्देही | मधुवनी | ६ ख | ४२२ | ०-३-८ | धनपती कोहाईन | |

इति सम्बत् २०८१ साल १२ महिना ११ गते रोज २ शुभम्।

## Tansen Municipality
## Office of Municipal Executive
## Tansen,Palpa

## Invitation for Online Bids

**Date of publication: 2081/12/12 ( March 25, 2025)**

Tansen Municipality Office, Tansen, Palpa invites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egpfor following work under National Competitive Bidding system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

Information to deposit the cost of bidding document in Bank:
Name of the Bank: Rastriya Banijya Bank Ltd., Palpa
Name of the Office: Tansen Municipality Office, Tansen, Palpa
Rajaswa Account No.: 3030100301010004
Bid Validity Period: 90 days
Bank details for Bid security ( If Cash deposit) :Ranstriya Banijya Bank, Palpa, A/C no. 3030100303000004.

| Contract No. | Name of Project | Estimated Amount inclusive VAT and PS | Price of Bid Document, NRs. | Bid Security Amount, NRs. | Last Date of Bid Purchase and Submission |
|---|---|---|---|---|---|
| TM/PLP/ Goods/NCB/ 04/2081-82 | Supply and Delivery of Sanitary Pad at Tansen Municipality. | 2097226 | 3000.00 | 53000 | 2082/01/11 12.00 Pm (April 24 2025) 12:00 pm |

**Chief Administrative Officer**
**Tansen Municipality Office**

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

बालेको छोरी, छबिलाल घर्ति छेत्रीको छोरा बुहारी,देव बहादुर घर्ति छेत्री (रोका)को श्रीमती लुम्बिनी प्रदेश गुल्मी जिल्ला मदाने गाँउपालिका वडा नं. ०३ बस्ने गंगा देवी रोकाले यस शाखामा बचत खाता नं. २०९१५२४०३०२३३२ संचालन गर्दै आउनु भएकोमा मिति २०८०/१२/१५ मा निज खातावाला गंगा देवी रोकाको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतककी छोरा नाता पर्ने मानबहादुर घर्ती क्षेत्रीले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११बमोजिम निज मृतक गंगा देवी रोकाको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबीगर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
गुल्मी शाखा, फोन नम्बर :– ०७९–५२१०२९
फ्याक्स:– ०७९–५२११९४

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

वले कामीको छोरी, तिलबहादुर कामीको छोरा बुहारी,मान बहादुर कामी भन्ने मान बहादुर सुनारको श्रीमती लुम्बिनी प्रदेश गुल्मी जिल्ला मुसिकोट नगरपालिका वडा नं. ०५ बस्ने चुनमति कामी भन्ने जैनी सुनारले यस शाखामा बचत खाता नं. २०९१५२४०३०४८२८ संचालन गर्दै आउनु भएकोमा मिति २०७९/०९/२१ मा निज खातावाला चुनमति कामी भन्ने जैनी सुनारको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतककी छोरा नाता पर्ने मोतिलाल वि.क.ले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक चुनमति कामी भन्ने जैनी सुनारको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्याद भित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
गुल्मी शाखा, फोन नम्बर :– ०७९–५२१०२९
फ्याक्स:– ०७९–५२११९४

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्को बेला पनि सेवा दिइने छ।
सम्पर्क:
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।
सम्पर्क:
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

### तिलोत्तमा गोल्डकप:

# भारतको जर्जियन क्लबलाई हराउँदै संकटा क्लब सेमिफाइनलमा



बुटवल । काठमाडौंको संकटा क्लब बुटवलमा जारी २३औं तिलोत्तमा गोल्ड फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ ।

एन्फा टेक्निकल सेन्टरको मैदानमा सोमबार भएको खेलमा जर्जियन फुटबल क्लब कालिम्पोङ भारतलाई शून्यका विरुद्ध चार गोलले हराउँदै संकटाले सेमिफाइनलमा स्थान पक्का गरेको हो ।

अब संकटाले फाइनलमा पुग्न सशस्त्र प्रहरीको एपीएफ क्लबसँग चैत १३ गते पहिलो सेमिफाइनल खेल्ने छ । संकटाको जितका लागि मिड फिल्डर श्रीजन राज गौतमले पहिलो हाफको ४०औं मिनेटमा पहिलो गोल र दोस्रो हाफमा तीन गरी एक्लै चार गोल गरे । श्रीजनल खेलको ८६औं मिनेटमा दोस्रो तथा खेलको इन्जुरी समयमा लगातार थप दुई थपे । उनै गौतम खेलको म्यान अफ दि म्याच घोषित भए ।

मंगलबार मच्छिन्द्र फुटबल क्लब काठमाडौं र एडोर्न गडवाल स्पोर्टिङ क्लब देहरादुन भारतबिच दिउँसो ३ बजे अन्तिम क्वाटर फाइनल खेल हुने आयोजक एन्फा रुपन्देहीका महासचिव हिमाल गौचनले जानकारी दिए । चैत १६ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको विजेता टिमले नगद १२ लाख १२ हजार र उपविजेता टिमले ६ लाख ६६ हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गर्नेछन् ।

यस्तै विधागत उत्कृष्ट खेलाडीहरुलाई गोलरक्षक, डिफेन्डर, मिड फिल्डर, फरवार्ड र प्रशिक्षकलाई नगद ३१ हजार र कप तथा सर्वोत्कृष्ट खेलाडीलाई स्कुटर वा मोटरसाइकल उपहार प्रदान गरिने गौचनले बताए । प्रतियोगितामा भारतका दुई र नेपालका दुई विभागीयसहित ८ टिमले भाग लिएका छन् ।

# शाइन रेसुंगा कर्पोरेट कप र मिडिया कप फुटसल हुने



बुटवल । नेपाल पत्रकार महासंघ रुपन्देहीले ७०औं स्थापना दिवसका अवसरमा फुटसल प्रतियोगिता आयोजना गर्ने भएको छ ।

स्थापना दिवसको अवसरमा सञ्चारसंस्थाहरुकाबिचमा एफ एन जे मिडिया कप फुटसल प्रतियोगिता र संघसंस्थाहरुका बिचमा शाइन रेसुंगा कर्पोरेट कप फुटसल प्रतियोगिता आयोजना गर्न लागेको महासंघ रुपन्देहीले जनाएको छ ।

यही चैत १६ गतेदेखि १८ गतेसम्म हुने प्रतियोगिताअन्तरगत १६ गते मिडिया कप तथा १७ र १८ गते शाइन रेसुंगा कर्पोरेट कप आयोजना हुने सचिव सी.पी. खनालले जानकारी दिए ।

प्रतियोगिताले सञ्चारसंस्थाहरु र पत्रकारहरुकाबिचमा आपसी सम्बन्ध विस्तार गर्न मदत पुऱ्याउने र व्यवसायिक तथा पेशागत संघसंस्थाहरूबिच आपसी भाइचारा, सहकार्य, र स्वस्थ प्रतिस्पर्धा प्रवर्धन गर्ने कार्यवाहक अध्यक्ष विश्वास ढकालले बताए । प्रतियोगिताबाट बचत भएको रकम महासंघको पत्रकार कल्याणकारी कोष, लेखनवृत्ति कोष, सुत्केरी कोष र खेलकुद पत्रकारिता पुरस्कार कोषमा जम्मा गरिनेछ ।

मिडिया कपका बिजेताले १७ हजार ७ सय ७७ र ट्रफी प्राप्त गर्नेछन् भने उपबिजेताले ७ हजार ७ सय ७७ र कर्पोरेटतर्फ बिजेताले २५ हजार र उपबिजेताले १५ हजार पाउने संयोजक सुमन श्रेष्ठले बताए ।

बुटवल उपमहानगरपालिका संरक्षक रहेको प्रतियोगिताको मुख्य प्रायोजक शाइन रेसुंगा डेभलपमेन्ट बैंक, प्रवर्द्धकमा तिलोत्तमा नगरपालिका र सिद्धार्थनगर नगरपालिका रहेका छन् ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

नागरिक वडापत्रको उपयोग गरौं
नागरिक वडापत्रमा:
-सम्बन्धित कार्यालयले दिने सेवा र त्यसको प्रकृति,
-सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नुपर्ने कार्यविधि,
-सेवा प्राप्त गर्न लाग्ने शुल्क र समयावधि,
-सेवा प्रदान गर्ने जिम्मेवार पदाधिकारी र निजको कार्यकक्षको विवरण,
-तोकिए बमोजिम अन्य कुरा उल्लेख गरिएका हुन्छन् ।
सेवाग्राहीले,
समयमा सेवा प्राप्त नभए तत्काल कार्यालय प्रमुख वा तोकिएको अधिकारी समक्ष उजुरी गरौं ।
लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३९३५७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही

विगत ५५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाइनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साटनुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

उच्च शैक्षिक उपाधि हासिल गर्नुभएकोमा लुम्बिनी वाणिज्य क्याम्पसका प्राध्यापकहरुलाई
हार्दिक बधाई तथा शुभकामना


सह-प्रा. डा. भरत भुसाल

उप-प्रा. ललितमान श्रेष्ठ

उप-प्रा. द्वारिका प्रसाद गौतम

उप-प्रा. धन बहादुर पुन

उप-प्रा. तुल्सी प्रसाद भुसाल

शि.स. सीमा कुमारी भुज

विश्वविद्यालय अनुदान आयोग, नेपालद्वारा दोस्रो पटक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) प्राप्त, नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा दोस्रो पटक सर्वोत्कृष्ट सामुदायिक क्याम्पस–२०८० बाट पुरस्कृत एवं लुम्बिनी प्रदेश प्रज्ञा पदक द्वितीय–२०७६ बाट विभुषित, व्यवस्थापन विषयमा विशिष्टिकृत नेपालकै अग्रणी शैक्षिक संस्था, यस लुम्बिनी वाणिज्य क्याम्पसमा प्राध्यापनरत सह-प्राध्यापक श्री भरत भुसालले त्रिभुवन विश्वविद्यालयबाट "Knowledge Management and Performance of Public and Private Banks in Nepal" शीर्षकमा विद्यावारिधि (Ph.D.) तथा उप-प्राध्यापक श्री ललितमान श्रेष्ठले त्रिभुवन विश्वविद्यालयबाट "Management Accounting Practices and the Performance of Manufacturing Enterprises (With Reference to Rupandehi District, Nepal)", उप-प्राध्यापक श्री द्वारिका प्रसाद गौतमले त्रिभुवन विश्वविद्यालयबाट "Transmission Dynamics of Dengue Disease in Rupandehi District of Nepal", उप-प्राध्यापक श्री धन बहादुर पुनले काठमाडौं विश्वविद्यालयबाट "Ownership, CEO Compensation and Earnings Management: The Moderating Role of Bank Size", उप-प्राध्यापक श्री तुल्सी प्रसाद भुसालले त्रिभुवन विश्वविद्यालयबाट "Internal Control System and Prevention of Fraud Risk in Deposit Taking Cooperatives: A Moderating Role of Internal Audit Attributes" र शिक्षण सहायक श्री सीमा कुमारी भुजले त्रिभुवन विश्वविद्यालयबाट "Factors that Impact the Inclination to Purchase Counterfeit Beauty Items: Investigation Involving Urban Women in Kathmandu District" शीर्षकमा शोधकार्य सम्पन्न गरी दर्शनाचार्य (M.Phil.) उपाधि हासिल गर्नुभएकोमा हार्दिक बधाई एवं उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।

प्रा. डा. तारा प्रसाद उपाध्याय
क्याम्पस प्रमुख
एवं
सुरेन्द्र प्रसाद श्रेष्ठ
अध्यक्ष, सञ्चालक समिति
लुम्बिनी वाणिज्य क्याम्पस परिवार
देवीनगर, बुटवल-११, रुपन्देही, www.lbc.edu.np

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्ष: मोहन चापागाईं, सल्लाहकार: एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालक: महेश रिजाल, सम्पादक: शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालय: बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेल: dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोन: ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com